# नागरिक लगानी कोष

केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं
फोन नं ५९७०२०१, ५९७०२०२, ५९७०२०३

# दोस्रो रणनीतिक योजना
## (२०७८–२०८२)

# बिषय सूची

**अध्यय एकः रणनीतिक सन्दर्भ (Strategic Context) ........................ १**

१.१ पृष्ठभूमिः ........................................................................ १

१.२ उद्देश्य तथा कार्यहरुः ........................................................ २

१.३ नागरिक लगानी कोषमा रणनीतिक योजना ................................ ४

१.४ पहिलो रणनीतिक योजनाको संक्षिप्त समीक्षाः .............................. ७

१.५ दोस्रो रणनीतिक योजना ........................................................ १२

१.६ रणनीतिक विश्लेषण ( Strategic Analysis) ................................ १४

**अध्याय दुईः रणनीतिक योजनाको प्रारुप (Strategic Planning Framework) १७**

२.१ वैचारिक प्रारूप ...................................................................... १७

२.२ रणनीतिक स्तम्भहरुः ............................................................. १८

**अध्याय तीनः दूरदृष्टि, ध्येय, मूल मान्यता र उद्देश्य.......................... २३**

३.१ रणनीतिक दिशा ..................................................................... २३

३.२ दूरदृष्ट्री (Vision) .................................................................... २४

३.३ ध्येय (Mission) ...................................................................... २४

३.४ लक्ष्य तथा उद्देश्यहरू ............................................................. २४

३.५ मूल मान्यताहरु (Core Values ) ............................................... २७

**परिशिष्ट १ ................................................................................ ३०**

**मुख्य कार्यसम्पादन सूचकहरू ....................................................... ३०**

# अध्यय एकः रणनीतिक सन्दर्भ
## (Strategic Context)

### १.१ पृष्ठभूमिः

देशको आर्थिक विकासमा पुँजी परिचालनको महत्व सर्वोपरि रहेको हुन्छ। बचत पुँजी परिचालनको अपरिहार्य आधार हो। थोपा थोपा बचतले लगानीका लागि पुँजी संग्रह गर्छ। व्यक्ति देखि राष्ट्रिय जीवनलाई समेत समृद्धि पार्न बचत र त्यसको प्रभावकारी लगानी जरुरी हुन्छ। पुँजी परिचालनका क्षेत्र मध्ये पुँजीबजार एक महत्वपूर्ण क्षेत्र हो। पुँजीबजारलाई आधुनिक अर्थतन्त्रको ऐनाको रुपमा हेरिने भएकोले यसको विकास एवं सुदृढीकरण अति आवश्यक हुन्छ। यसै परिपेक्ष्यमा रोजगार आवद्ध तथा सर्वसाधारण नागरिकलाई बचतका लागि प्रोत्साहित गरी लगानीका साथै पुँजी बजारको विकासमा सहभागी गराउने मूल ध्येयका साथ ३० वर्ष अघि २०४७ सालमा नागरिक लगानी कोषको स्थापना भएको हो। न्यासधारी (Trustee) संस्थाको रूपमा स्थापना भएको कोषले सेवाग्राहीको हितलाई ध्यान दिई क्रमिक रूपमा कोषको आकार बढाउँदै राष्ट्रिय विकासमा निरन्तर सहयोग पुर्याउँदै आएको छ ।

मुलुकको आर्थिक विकासलाई गतिशील बनाउन राष्ट्रिय प्राथमिकता प्राप्त परियोजनाहरुमा लगानी बढाउँदै कोषलाई आर्थिक विकासको केन्द्रको रुपमा स्थापित गराउने उद्देश्यका साथ कोष अगाडि बढेको छ। नागरिक लगानी कोष ऐन, २०४७ ले निर्धारण

गरेको कार्य दायरा र विगत वर्षहरुको प्रगति समीक्षा समेतलाई आधार मानी दोस्रो रणनीतिक योजना तयार गरिएको छ ।

## १.२ उद्देश्य तथा कार्यहरुः

आर्थिक विकासका लागि अवकाश कोष संचालन तथा व्यवस्थापन गर्ने, सरोकारवाला संस्थामा सर्वसाधारण जनतालाई वचत गर्न प्रोत्साहित गरी राष्ट्रिय पुँजीको निर्माण गर्ने र दीर्घकालिन पुँजीको माध्यमबाट लगानीका अवसरहरु बढाउनु तथा संस्थागत रुपमा पुँजीबजारको विस्तारमा गतिशीलता ल्याउनु कोषको प्रमुख उद्देश्य रहेको छ । उक्त उद्देश्य हासिल गर्नका लागि कोषका विशिष्ट कार्यहरु देहाए अनुसार रहेका छन्ः

१. कोषले ट्रष्टीको रुपमा वचतकर्तालाई दक्ष लगानी सेवा प्रदान गरी बढी प्रतिफल उपलब्ध गराउन देहाय बमोजिमका कार्यक्रम संचालन गर्ने छ।

   क) योगदानमा आधारित निवृत्तभरण, स्वास्थ्य बीमा जस्ता सामाजिक सुरक्षाको क्षेत्रमा आफैंले वा अन्य कुनै संस्थासँगको सहकार्यमा तोकिए बमोजिम कार्यक्रम संचालन गर्ने ।

   ख) निजामती कर्मचारी, सैनिक तथा प्रहरी, शिक्षक तथा अन्य संगठित संस्थाका कर्मचारीको लागि योगदानमा आधारित सावधिक जीवन बीमा कोष संचालन गर्ने,

   ग) उपदान कोष र पेन्सन कार्यक्रम संचालन गर्ने

२. कोषले विभिन्न योजनाहरु संचालन गरी संकलन गरेको बचत देहाए बमोजिम परिचालन गर्नेछ ।

क) बाणिज्य बैंकको नगद प्रमाणपत्र (क्यास सर्टिफिकेट) वा समय सीमाको शर्तमा मुद्दति निक्षेपमा लगानी गर्ने,

ख) नेपाल सरकार वा नेपाल राष्ट्र बैंकद्वारा "क" वर्गको मान्यता प्राप्त कुनै बाणिज्य बैंकको जमानतमा कोषले तोकेको शर्तमा कुनै संगठित संस्थामा ऋण लगानी गर्ने,

ग) कोषले उपयुक्त ठहर्याएको कुनै बाणिज्य बैंक, वित्तीय संस्था, बीमा कम्पनी वा त्यस्तो संस्था वा कम्पनीको शेयरमा लगानी गर्न, गर्ने,

घ) नेपाल सरकार वा प्रदेश सरकार र नीजि क्षेत्रसँग नीजि तथा सार्वजनिक नीजि साझेदारी मोडलमा सम्पन्न हुने पूर्वाधार निर्माणका आयोजनामा लगानी गर्ने,

ङ) लगानीकर्ता हिसाब योजना, नागरिक एकांक योजना वा कोषले संचालन गरेका अन्य कार्यक्रममा जम्मा भएको रकमबाट वा कोषको आफ्नै स्रोतबाट नेपाल सरकारद्वारा निष्काशित ऋणपत्रमा लगानी गर्ने,

च) विदेशस्थित नेपाली नागरिकबाट एकांक योजनामा संकलन भएको रकम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई कुनै स्वदेशी वा विदेशी कम्पनी वा संगठित संस्थासँगको सहकार्यमा विदेशी धितोपत्रमा लगानी गर्ने,

छ) नेपाल सरकार वा प्रदेश सरकार वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको संगठीत संस्था वा निकायबाट स्थापना वा प्रवर्द्धन गरिएको विद्युत उत्पादन वा प्रसारण वा अन्य पूर्वाधार निर्माणमा लगानी गर्ने,

ज) प्रचलित कानून बमोजिम संस्थापित संगठीत संस्थाहरुलाई कर्जा दिने,

## १.३ नागरिक लगानी कोषमा रणनीतिक योजना

अनिश्चितताको बीचमा एक वा समग्र दीर्घकालिन लक्ष्य हासिल गर्नका लागि तयार गरिएको सामान्य योजना नै रणनीति हो। सामान्यतया रणनीतिमा लक्ष्य निर्धारण गर्ने, लक्ष्य प्राप्त गर्न चाहिने कार्यहरू (action) किटान गर्ने र उक्त कार्यहरू कार्यान्वयन गर्न आवश्यक संशाधनहरू (Resources)को परिचालन गर्ने विषय समावेश गरिएको हुन्छ। रणनीतिले निश्चित समय सीमा भित्र प्राप्त गर्नु पर्ने उपलब्धीलाई निर्देशित गर्दछ। त्यसैले संस्थाको संगठनात्मक संशाधन, सीप र दक्षतालाई एक साथ जोडेर प्रतिस्पर्धात्मक फाइदा सिर्जना गर्नका लागि रणनीतिको आवश्यकता पर्दछ।

विश्वभरका सबै लगानी गर्ने संस्थाहरुले रणनीतिक योजनाको विकास गर्ने र त्यसको कार्यान्वयनको अभ्यास गरिरहेका छन्। रणनीतिले संस्थाको दूर दृष्ट्री (Vision), प्राथमिकताहरू (Priorities) र संगठनात्मक व्यवस्थापन र कार्यसंचालन सुदृढीकरण गर्ने कार्यहरू निर्धारण गर्दछ। यस सन्दर्भमा कुनै पनि लगानी कम्पनीले उच्च

प्रतिफल प्राप्त गर्नका लागि समग्र रुपमा विश्लेषण गरी कम जोखिमपूर्ण क्षेत्रमा लगानी केन्द्रित गर्ने र कर्मचारीको गुणस्तर, कार्य वातावरण, आन्तरिक र बाह्य सञ्चार, विनियोजन र सुरक्षाको स्रोतहरूको उपयोग बढाउँदै संगठनको क्षमता सुदृढ गर्नमा ध्यान केन्द्रित गर्नुपर्ने हुन्छ ।

कोषले स्थापनाको करिब २५ बर्ष पछि पहिलो पटक पाँच वर्षे प्रथम रणनीतिक योजना (२०७२/०७७) लागू गरियो। प्रथम रणनीतिक योजनाले लिएको उद्देश्य अनुरुप मुख्य व्यवसायिक स्तम्भको रुपमा बचत परिचालन, लगानी व्यवस्थापन र पुँजी बजार सेवा पहिचान गरिएको थियो। बचत संकलन र लगानी व्यवस्थापनमा आशातित उपलब्धि हासिल भएको भए तापनि पूँजीबजारको क्षेत्रमा तथा तत्सम्वन्धी कानुन एव कार्यविधि निर्माण लगायतका विषयमा भने अझै थुप्रै कार्य गर्न बाँकी रहेको अवस्था छ। कोषले प्रथम रणनीतिक योजना (२०७२/०७७) अवधिमा अवलम्वन गरेका लक्ष्य तथा उद्देश्यहरु देहाए बमोजिम रहेका छन्।

| क्षेत्र | लक्ष्य | उद्देश्य |
|---|---|---|
| बचत संकलन | विभिन्न बचत योजनाहरु र सामूहिक लगानी कोष ( mutual funds) को माध्यमबाट बचत संकलन बढाउने । | ❖ कोषले संचालन गरेका कार्यक्रमहरुमा देश तथा विदेशमा बसोबास गर्ने नेपाली नागरिकहरुलाई आकर्षित गर्ने ।<br>❖ सामाजिक सुरक्षा सम्बन्धी अतिरिक्त |

| क्षेत्र | लक्ष्य | उद्देश्य |
|---|---|---|
| | | कार्यक्रम संचालन गर्ने । |
| लगानी व्यवस्थापन | जोखिम विश्लेषणको आधारमा सुरक्षित र लाभदायक क्षेत्रहरुमा लगानी विविधीकरण गर्ने। | ❖ प्राथमिकता प्राप्त क्षेत्र (जलविद्युत, पूर्वाधार विकास, उत्पादक, पर्यटन र निर्यात प्रवर्द्धन) एवं पूँजी बजारमा लगानी गर्ने।<br>❖ न्यूनतम जोखिम भएका क्षेत्रहरुमा लगानी गर्ने। |
| पूँजीबजार | पूँजी बजारको विकास र विस्तारलाई गति दिने। | ❖ शेयर बजारलाई स्थायित्व दिनका लागि शेयर कारोवार गरी बजार निर्माताको भूमिका निर्बाह गर्ने ।<br>❖ पूँजीबजार सेवाका औजार/उपकरणहरुलाई प्रभावकारी बनाउने । |
| मानव संसाधन | दक्ष तथा उत्प्रेरित मानव संसाधनबाट सेवाग्राहीलाई प्रभावकारी सेवा प्रवाह | ❖ कोषको कार्य प्रकृति अनुसार दक्ष जनशक्ति विकास गर्ने। |

| क्षेत्र | लक्ष्य | उद्देश्य |
|---|---|---|
| | गर्ने । | ❖ कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने । |
| सूचना प्रबिधि | नविनतम सूचना प्रविधिको प्रयोगबाट कोषको कार्यसम्पादन स्तरिय बनाउने । | ❖ सूचनाप्रविधिको प्रयोगबाट सहभागीहरुलाई सरल, सुलभ, तथा गुणस्तरीय सेवा प्रदान गर्ने।<br>❖ कोषको व्यवस्थापन सूचना प्रणाली प्रभावकारी बनाउने । |
| कानूनी पक्षहरु | कोषका ऐन र नियमहरुको प्रभावकारी कार्यान्वयन गर्ने | ❖ कोषको ऐन, विनियमावली, निर्देशिका तथा कार्यविधिहरु समय सापेक्ष संशोधन तथा तयार गर्ने । |

प्रथम रणनीतिक योजनाको अवधि २०७७ असार मसान्तमा समाप्त भएको तर कोभिड-१९ को असर तथा लकडाउनको कारणले दोस्रो रणनीतिक योजना तयार गरी कार्यान्यवनमा गर्न नसकिएको हुदाँ आ.व.२०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम प्रथम रणनीतिक योजनाको निरन्तरताको रुपमा रहेकोछ।


## १.४ पहिलो रणनीतिक योजनाको संक्षिप्त समीक्षा:

नागरिक लगानी कोषको मुख्य उद्देश्य लगानीका अवसरहरू सिर्जना गर्नका लागि सर्वसाधरणलाई पुँजीको बचत गर्न प्रोत्साहित गर्ने एवं सेवानिवृत कोष तथा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरी लगानीका अवसरहरू सिर्जना गर्नुका साथै र पूँजी बजारमा गतिशिलता ल्याउन हो । यसै विषयलाई सम्बोधन गर्नका लागि प्रथम रणनीतिक योजनामा व्यवसायिक स्तम्भको रुपमा बचत परिचालन, लगानी व्यवस्थापन र पुँजी बजार सेवा समावेश गरिएको थियो ।

नागरिक लगानी कोषको पहिलो रणनीतिक योजना (२०७२/०७७) बाट केही महत्वपूर्ण उपलव्धि हासिल भएको देखिन्छ । बचत संकलनको दायरा निकै बढेको छ । वित्तीय साक्षरता बृद्धि गरी बचत संकलनमा कोषले ठूलो फड्को मारेको छ। बचत संकलन तथा लगानी व्यवस्थापनमा लक्ष्य भन्दा धेरै प्रगति हासिल गरेको छ । पूँजी बजारको विकासको लागि यस योजना अवधिमा निकै राम्रा काम सम्पन्न गरेको छ । नागरिक स्टक डिलर कम्पनी स्थापना गरी पूँजी बजारमा स्थायित्व कायम गर्ने कार्यको थालनी भएको छ । नागरिक स्टक डिलर कम्पनी स्थापना भएको शुरुको वर्ष भएकोले पनि लक्ष्य अनुसार प्रगति नभएको हुन सक्छ । आगामी वर्षदेखि पूँजीबजार प्रवर्द्धनमा यो कम्पनीले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।


## बचत कार्यक्रमः

प्रथम रणनीतिक योजनामा विभिन्न बचत कार्यक्रम तथा सामूहिक लगानी कोष संचालन गरी कुल कोष ( Fund) आर्थिक वर्ष २०७६/७७ को अन्त्य सम्ममा रु.१३५.३ अर्ब पुर्याउने लक्ष्य रहेको थियो । उच्च व्यवस्थापन तथा आम कर्मचारीहरुको साझा प्रयास र सेवाग्रहीको उत्साहजनक सहभागीताका कारणले आ.व. २०७६/७७ को अन्त सम्ममा रु.१३८.४२ अर्ब बचत संकलन गर्न कोष सफल भएको छ। जुन कोषले निर्धारण गरेको लक्ष्य भन्दा रु.३ अर्ब रुपैयाँ बढी हो। आ.व. २०७७/०७८ रणनीतिक योजना अन्तर ( Strategic plan Gap) बर्षको रुपमा रहेकोछ। यस वर्ष लक्ष्यको तुलनामा १५.९६ प्रतिशत बढी उपलब्धि हासिल गरी कुल बचत संकलन रु १७४.७४ अर्व पुगेको छ । उर्पयुक्त तथ्यले कोषको बचत संकलन विगत ६ वर्षको अवधिमा ११३.४० प्रतिशतले बृद्धि भएको छ।



## लगानी व्यवस्थापन

कोषले विभिन्न बचत कार्यक्रम संचालन गरी संकलन गरेको बचत रकम मध्ये प्रथम रणनीतिक योजनाको अन्त सम्ममा विभिन्न उपकरणहरुमा कुल रु १२१.८३ अर्व लगानी गर्ने लक्ष्य राखेकोमा थियो। यस अवधिमा कोषले रु. १२२.८५ अर्ब लगानी गर्न सक्षम भएको छ। जुन निर्धारित लक्ष्य भन्दा ०.८४ प्रतिशतले बढी हो। आ.व. २०७७/०७८ मा लक्ष्यको तुलनामा १५.१५ प्रतिशत बढी उपलब्धि हासिल गरी कुल लगानी व्यवस्थापन रु. १७४.७४ अर्व पुगेको छ। उर्पयुक्त तथ्यले कोषको बचत संकलन विगत ६ वर्षको अवधिमा ११३.४० प्रतिशतले बृद्धि भएको देखाउँछ ।




## पुँजीबजार सेवा

नागरिक लगानी कोषको उद्देश्य मध्ये पूँजी बजारको विकास र स्थिरताका लागि आफ्ना गतिविधिहरु परिलक्षित गर्नु पनि हो । यसै विषयलाई मध्यनजरमा राखी प्रथम रणनीतिक योजना अवधिको

अन्तमा कोषले सहायक कम्पनीको रुपमा नागरिक स्टक डिलर कम्पनी स्थापना गरेको छ। नागरिक स्टक डिलर कम्पनी स्थापना भएको शुरुको वर्ष भएकोले पनि लक्ष्य अनुसार प्रगति नभएको हुन सक्छ । आगामी वर्षदेखि अपेक्षित प्रगति गर्ने अपेक्षा गर्न सकिन्छ। यसबाहेक, पहिलो रणनीतिक योजनाको अन्तिम वर्ष अर्थात् आर्थिक वर्ष २०७६/७७ मा प्राथमिक शेयर बजार (Primary Share Market) बाट रु.१ करोड ५० लाख रुपैया बराबरको शेयर खरिद गर्ने लक्ष्य रहेकोमा ४६ लाख रुपैया बराबरको मात्र खरिद गरेको छ । त्यसैगरी दोस्रो बजार (Secondary Market) बाट २ अर्व रुपैया बराबरको शेयर खरिद गर्ने लक्ष्य राखेकोमा जम्मा २१ करोड ६३ लाख रुपैया बराबरको शेयर खरिद गरिएको छ। त्यसै गरी, कोषले यस अवधीमा दोस्रोबजारमा रु. ८.५ करोडको शेयर बिक्री गरेको छ । पुँजीबजार सेवालाई थप प्रभावकारी बनाउनका लागि आ.व.२०७७/०७८ मा संचालक स्तरिय पुँजीबजार उपसममिति गठन गरी कार्य प्रारम्भ गरिएको छ।

## नीति निर्देशिका तथा पूर्वाधार निर्माण

पहिलो रणनीतिक योजना अवधिभरमा कोषले नीति, निर्देशिका १५ वटा बनाउने लक्ष्य राखेकोमा १० वटा पूर्णरुपमा सम्पन्न गरिसकेको छ भने ३ वटा आंशिक मात्र सम्पन्न गरेको छ । यसै गरी ७ वटा पूर्वाधार निर्माणको लक्ष्य राखेकोमा जम्मा एउटा मात्र पूर्वाधार बनाएको देखिन्छ । त्यसैगरी सात वटा अध्ययन तथा विश्लेषण गर्ने लक्ष्य राखिएकोमा एउटा पूर्ण र तीन वटा आंशिक मात्र सम्पन्न गरेको देखिन्छ । समग्रमा नीति निर्देशिका निर्माण, पूर्वाधार

निर्माण तथा अध्ययन अनुसन्धानमा कोषले लक्ष्य अनुसार प्रगति गर्न सकेको देखिदैन ।

| लक्ष्य सम्बन्धी विवरण | सम्पन्न | आंशिक सम्पन्न | प्रक्रिया शुरु नभएको | जम्मा |
|---|---|---|---|---|
| नीति तथा कार्यविधि निर्माण (संख्या) | १० | ३ | २ | १५ |
| पूर्वाधार निर्माण | १ | 0 | ३ | ४ |
| अध्ययन तथा विश्लेषण | १ | ३ | ३ | ७ |
| **कुल** | **१२** | **६** | **८** | **२६** |

रणनीतिक योजना अन्तराल वर्षको रुपमा रहेको आ.व. २०७७/०७८ मा कोषले चुक्ता पुँजी रु.३ अर्व पुर्याउनका लागि हकप्रद शेयर जारी गर्नका साथै आन्तरिक कार्य प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि आन्तरिक लेखा परीक्षण कार्यविधि,२०७७, कर्जा कार्यविधि,२०७७ र घरभाडा व्यवस्थापन कार्यविधि,२०७७ निर्माण गरी लागू गरिएको छ। त्यसै गरी यस आ.व.मा स्वरोजगारमा रहेका नेपालीहरुलाई लक्षित गरी नागरिक पेन्सन योजना कार्यन्वयनमा ल्याईएको छ ।

## १.५ दोस्रो रणनीतिक योजना

दोस्रो पाँच बर्षे (२०७८-२०८२) रणनीतिक योजनाले पहिलो रणनीतिक योजनामा निर्धारण गरेका दूरदृष्ट्रि ( Vision) र दीर्धकालिन ध्येय ( Mission) लाई नै निरन्तरता दिएको छ। पहिलो रणनीतिक योजनाको कार्यान्वयनको दौरान सिर्जना भएका समस्या, प्राप्त भएका उपलब्धि र समग्र अपेक्षा सहितको विश्लेषणको परिणतिको रुपमा दोस्रो रणनीतिक योजना निर्माण गरिएको छ ।

कोषको आधारभूत उद्देश्य र रणनीतिक स्तम्भहरु (Strategic Pillars) को आधारमा दोस्रो रणनीतिक योजना बनाइएको छ। यसको पहिलो प्राथमिकता बचत व्यवस्थापन र पूँजी बजारलाई थप सम्बोधन गर्न केन्द्रीत गरिएको छ। यसबाहेक, भौतिक तथा प्राविधिक संरचना र मानव संसाधनमा सुधार गरी कार्य वातावरण अभिबृद्धि गर्ने अपेक्षा समेत गरिएको छ।

कोषका दूरदृष्ट्रि, दीर्घकालिन ध्येय, उद्देश्य र प्राथमिक मान्यता ( Core Value) को मुल मर्म सम्बोधन हुने गरी नियमित काम तथा गतिविधिहरुलाई अझ प्रभावकारी तथा नवीनतम बनाउन र नयाँ काम तथा गतिविधिहरु आगामी पाँच बर्षमा संचालन गर्न प्रस्ताव गरिएको छ।

यो सहभागितामूलक प्रक्रिया (Participatory Process ) द्वारा तयार पारिएको हुदाँ कार्यान्वयन गर्न सहजीकरण हुने अपेक्षा समेत गरिएकोछ । यो योजना तयार पार्नु पूर्व देहाएका चरणमा कार्य सम्पादन गरिएको छ ।

- ❖ वर्तमान अवस्थामा कोषसँग सम्बन्धित आन्तरिक र बाह्य वातावरणको स्थिति विश्लेषण;
- ❖ कोषको सवलपक्ष, कमजोर पक्ष, अवसर र चुनौतीको विश्लेषण (SWOT Analysis) ;
- ❖ वर्तमान राजनीतिक, आर्थिक, सामाजिक, प्राविधिक, वातावरणीय र कानूनी पक्षको विश्लेषण (PESTEL Analysis ) ;
- ❖ आगामी पाँच वर्षमा प्रत्येक विभाग र कार्यालयले गर्ने महत्त्वपूर्ण कार्यहरूको सूची निर्माण;
- ❖ विभाग र कार्यालय प्रमुखहरूबाट राय तथा पृष्ठपोषण सङ्कलन।
- ❖ अघिल्लो रणनीतिक योजनाको कार्यान्वयन पक्षको समिक्षा ।

उपर्युक्त विश्लेषणका आधारमा प्रत्येक व्यावसायिक स्तम्भ अन्तर्गतका लक्ष्य हासिल गर्नका लागि वस्तुनिष्ठ रूपमा प्रमाणीकरणयोग्य सूचक (Objectively Verifiable Indicator), प्रमाणीकरणको साधन ( Means of Verification ), प्रत्येक कार्य पूरा गर्न लाग्ने समय सीमा र कार्य सम्पादनको जिम्मेवारी समेत किटान गरी कार्यन्वयन योजना तयार पारिएको छ ।

## १.६ रणनीतिक विश्लेषण ( Strategic Analysis)

कोषको रणनीतिक विश्लेषण गर्ने क्रममा यसका सवल पक्ष, कमजोर पक्ष, चुनौति र अवसरलाई संक्षेपमा देहाए बमोजिम उल्लेख गरिएको छ।

## सवल र कमजोर पक्ष तथा अवसर र चुनौतीको बिश्लेषण
## (SWOT Analysis)

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| ❖ सरकारको स्वामित्व भएको हुँदा सेवाग्राहीहरूको उच्च विश्वास । | ❖ केन्द्रीकृत सेवा । |
| ❖ विशेष ऐनबाट स्थापित स्वायत्त संस्था । | ❖ परम्परागत संगठन ढाँचा । |
| ❖ कार्यक्रम तथा सेवामा विविधता । | ❖ ग्राहक मैत्री तथा गुणस्तरिय सेवा प्रदान गर्न नसक्नु । |
| ❖ कोष संकलन क्रमिक रूपमा बृद्धि हुँदै गइरहेको । | ❖ लगानी विविधीकरण गरी पोर्टफोलियो सन्तुलन गर्न नसक्नु । |
| ❖ दीर्घकालिन प्रकृतिको वचत र सोही अनुसारको लगानी । | ❖ जनशक्तिको समयसापेक्ष क्षमता अभिबृद्धि गर्न नसक्नु । |
| ❖ Investment trustee को रूपमा काम गर्ने एक मात्र संस्था । | ❖ मानव संसाधन योजनाको अभाव । |
| ❖ पुँजीगत आधार बलियो भएको गैर बैंक वित्तीय संस्था । | ❖ अनुसन्धान र विकासको अपर्याप्तता । |
| | ❖ एकीकृत सूचना प्रणालीको अभाव । |
| | ❖ समयमा नै आन्तरिक हिसाव मिलान गर्न नसक्नु। |

| | |
|---|---|
| ❖ ब्यवसायिक दक्षता सहितको संचालक समिति । | |

| अवसर | चुनौती |
|---|---|
| ❖ दीर्घकालिन प्रकृतिको पुँजीलाई दीगो एवं उच्च प्रतिफल प्राप्त हुने राष्ट्रिय आयोजनामा लगानी गर्न सकिने । | ❖ पुँजीबजार तर्फको कारोबारमा अस्वस्थ प्रतिष्पर्धाले असर पार्नु । |
| ❖ स्वीकृत अवकास कोषको आयमा कर छुटको ब्यवस्था रहेकोले सहभागी संख्या बृद्धि गर्न सकिने। | ❖ सरकारको जमानतमा गरिएको लगानी असुलीमा समस्या । |
| ❖ स्वरोजगार तथा बैदेशिक रोजगारमा रहेका कामदारहरूलाई नागरिक पेन्सन योजनामा समेट्न सकिने । | ❖ कोषमा आवद्ध संस्था र सहभागीलाई सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गर्न दवाव सिर्जना गरिनु । |
| ❖ पुँजी बजारमा नेतृत्वदायी भूमिका खेल्न सकिने । | ❖ नागरिक लगानी कोष ऐन, २०४७मा स्पष्ट व्यवस्था हुदा हुदै सरकारले योगदानमा आधारित पेन्सन कार्यक्रम |


| | |
|---|---|
| | अन्य संस्थाबाट संचालन गर्न निर्देशन गरिनु । |
| ❖ पूर्वाधार विकासका लागि PPP model मा लगानी गर्न सकिने । | ❖ हाल विकास गरिएको software लाई सबै कारोबार र अन्य निकायसँग integration हुने गरी compatible बनाउने । |
| ❖ संचालित योजनाहरूको दायरा विस्तार गर्न सकिने । | ❖ Data security सम्बन्धमा निरन्तर रुपमा क्षमता बृद्धि गर्ने । |
| उच्चतम प्रविधिको प्रयोग गरी सहभागीहरूलाई गुणस्तरिय सेवा उपलब्ध गर्न सकिने । | ❖ Maturity Mismatch (long term Liability and short term Asset) लाई सन्तुलित बनाउने चुनौती । |

# अध्याय दुईः रणनीतिक योजनाको प्रारुप

**(Strategic Planning Framework)**

## २.१ वैचारिक प्रारूप

रणनीतिक योजनाले नागरिक लगानी कोषको दूरदृष्ट्री, ध्येय, मुलभूत मान्यता निर्धारण गर्नुको साथै आगामी पाँच वर्षभित्र कोषले हासिल गर्ने उद्देश्यहरुको ढाँचा तयार गरेकोछ । यसले कार्यसम्पादन सूचकांक तयार गरी दैनिक गतिविधिहरू संचालन गर्न मार्गदर्शकको भूमिका खेल्दछ । साथै, कार्यसम्पादन सूचकांकका आधारमा समय समयमा प्रगति मूल्याङ्कन गर्न समेत सजिलो बनाउँद छ । रणनीतिक योजना SWOT र PESTEL विश्लेषणका आधारमा तयार गरिने हुदाँ सवल पक्षको सदुपयोग गर्न, कमजोरीहरूलाई न्यूनीकरण गर्न, अवसरहरुबाट अधिकतम फाइदा लिन र संभाव्य चुनौतिहरुको सामना गर्न भावी कार्यक्रम तथा गतिविधिहरु परिभाषित गरिन्छ । यसै अवधारणाका आधारमा प्रस्तावित रणनीतिक योजनाको बैचारिक प्रारुप देहाए अनुसार उल्लेख गरिएको छ ।




## २.२ रणनीतिक स्तम्भहरु:

दोस्रो रणनीतिक योजना तीनवटा मूल स्तम्भहरूका आधारमा निर्माण गरिएको छ। प्रत्येक मूल स्तम्भहरूलाई चारवटा सहायक स्तम्भहरूले समर्थन गरेका छन्। बचत र लगानी व्यवस्थापनको उद्देश्य प्राप्त गर्नका लागि मूल रणनीतिक स्तम्भहरु तय गरिएको छ भने सहायक स्तम्भहरू मुख्य रणनीतिक स्तम्भहरूको पूरकको रुपमा रहेका छन्। यी स्तम्भहरूको पारस्परिक आबद्धता रहने भएकोले रणनीतिक योजनाको समग्र उपलब्धिलाई प्रभाव पार्न सक्दछन्। प्रत्येक मूल स्तम्भ र सहायक स्तम्भहरुको संक्षिप्त रुप तल उल्लेख गरिएको छ।

### २.२.१ मूल स्तम्भः

*स्तम्भ एकः बचत कार्यक्रम*

सामाजिक कल्याण प्रवर्द्धन गर्न वर्तमान बचतमा आधारित कार्यक्रम तथा योजनाहरुलाई निरन्तरता दिई बचत संकलन कार्य प्रभावकारी रूपमा विविधीकरण गरिनेछ। यसका लागि स्वदेशमा रहेका संभाव्य सहभागीकर्ताका साथै विदेशमा रहेका नेपालीहरुको समेत पहुँच बढाउने प्रयास गरिनेछ। साथै, आर्थिक रूपमा कमजोर वर्ग समेत समेटिने गरी विभिन्न नयाँ योजनाहरु मार्फत दीर्घकालीन बचत बढाउन ध्यान केन्द्रित गरिने छ।

*स्तम्भ दुईः लगानी व्यवस्थापन*

यस योजना अवधीमा संकलित रकमलाई कम जोखिमपूर्ण र धेरै नाफामूलक क्षेत्रमा लगानी गर्न विभिन्न उपकरण र रणनीतिहरू प्रयोग गरिनेछ। यसका अतिरिक्त कोषले लगानी पोर्टफोलियो विविधीकरण गर्न र दीर्घकालीन आय सुनिश्चित गर्न लागि जग्गा र भवन जस्ता स्थिर सम्पत्तिमा समेत लगानी गर्नेछ। कोषले सबै प्रदेशमा आक्रामक रुपमा व्यापारिक गतिविधि विस्तार गर्नेछ। केन्द्रीय कार्यालय र सबै प्रादेशिक कार्यालयमा बहुउद्देश्यीय व्यावसायिक कम्प्लेक्स निर्माण गरिनेछ। यस योजनाको अन्त सम्ममा सवै प्रदेशमा बहुउद्देश्यीय व्यावसायिक कम्प्लेक्स सहितको कार्यालय भवन हुनेछन्। राष्ट्रिय समृद्धिमा टेवा पुग्ने गरी आय आर्जन, उत्पादन बृद्धि र रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी केन्द्रित गरिनेछ।

*स्तम्भ तीनः पूँजी बजार सेवा*

पुँजी बजारलाई राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड बनाउने गरी पुँजी बजार सेवा सञ्चालन गरिनेछ। धितोपत्र निस्काशन, बजार निर्माता, लगानी सल्लाहकार, धितोपत्र प्रत्याभूति, र लगानी व्यवस्थापन जस्ता सेवा तथा पुँजीबजारसंग सम्बन्धित गतिविधिलाई प्रवर्द्धन गरी व्यावसायिक मूल्य र सिद्धान्तका आधारमा संस्थागत गरिनेछ।

**स्तम्भ चारः सेवानिवृत कोष र सामाजिक सुरक्षा कार्यक्रम**

विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू र निजी क्षेत्रमा कार्यरत कर्मचारी र श्रमिकहरूलाई लक्षित गरी अवकाश कोष योजनाहरू सञ्चालन गरिनेछ र यसरी संकलित रकमलाई उच्च प्रतिफल दिने क्षेत्रमा लगानी गरी उनीहरूलाई सम्भव भएसम्म अधिकतम लाभ प्रदान गरिनेछ। साथै सुरक्षित समाजको निर्माण गर्न ज्येष्ठ नागरिकलाई लक्षित गरी सामाजिक सुरक्षा सम्बन्धी विभिन्न बचत कार्यक्रम सञ्चालन गरिनेछ ।

## २.२.२ सहायक स्तम्भहरू

*स्तम्भ एकः मानव संसाधन*

कोषले निर्धारण गरेको लक्ष्य हासिल गर्नका लागि आफ्ना कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्न विभिन्न कार्यक्रमहरु संचालन गर्नेछ। वैज्ञानिक कार्यसम्पादन मूल्याङ्कन प्रणाली (Scientific Performance Appraisal System), वृति विकास योजना (Career Plan), उत्तराधिकार योजना ( Succession Plan), र संस्थागत मेमोरी प्रणाली (Institutional Memory System) अपनाउने गरी मानव पुँजीलाई सवल

एवं सक्षम बनाउन कोष केन्द्रित हुनेछ। कोषले संगठन व्यवस्थापन सर्वेक्षणको आधारमा मानव संसाधन योजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ। निश्चित अन्तरालमा आवश्यकतामा आधारित प्रशिक्षण संचालन गरिनेछ। यसरी संचालन गरिने प्रशिक्षणले कर्मचारीहरुको ज्ञानको दायरा फराकिलो हुनका साथै प्रभावकारी रुपमा कार्यसम्पादन गर्न मद्दत गर्दछ।

### *स्तम्भ दुईः सूचना प्रविधि*

कोषका समग्र गतिविधीहरु प्रभावकारी रुपमा संचालन गर्नका लागि सूचना प्रविधि प्रणालीले सहयोग गर्नुका साथै दूर दराजमा रहेका सहभागीहरुलाई कोषको पहुँचमा ल्याउछ। यसका साथै कुनै कर्मचारी कार्यालयमा भौतिक रुपमा उपस्थित नभएर पनि दैनिक कार्यसंचालन गरी उत्पादकत्व बढाउन सकिन्छ। उदाहरणका लागि, कोभिड-१९ महामारीको समयमा प्रायः सबै तहका कर्मचारीहरू इमेल, भिडियो कन्फरेन्सिङ उपकरण र आन्तरिक च्याट रुमहरूसँग जोडिएर नियमित कार्य संचालन गरेका थिए। आजको युग आधुनिक प्रविधिको युग भएको हुँदा क्लाउड कम्प्युटिङ सेवाहरूलाई डाटा सेन्टर, उत्पादन साइट र डिजास्टर रिकभरी (DR) साइट सहितको उन्नत सूचना प्रविधि प्रणालीको स्थापना र कार्यान्वयनलाई निरन्तरता दिईनेछ ।

### *स्तम्भ तीनः कानूनी र नियामक अनुपालन र सुशासन*

नागरिक लगानी कोष ऐन, २०४७ (दोस्रो संशोधन) मा प्रत्याभूत गरिएको अधिकार र कार्य क्षेत्र भित्र रही कोषले रचनात्मक

काम गर्दै आएको छ। नागरिक लगानी कोष ऐन र अन्य प्रचलित ऐन, नियम, विनियम, निर्देशन र नीतिहरूमा समावेश गरिएका कानुनी प्रावधानहरूले कोषका काम कारवाहीमा पारदर्शिता ल्याउनका साथै र जवाफदेहिता समेत सुनिश्चित गर्न मद्दत गरेको छ। साथै, यसले कोष संचालक समितिलाई प्रमुख नीतिगत विषयहरूको निरीक्षण गर्न, पूँजी बजार र वित्तीय स्थायित्वका साथै संस्थागत सुशासनको सुनिश्चितताका लागि सुधारात्मक उपायहरू अवलम्वन गर्न मार्ग निर्देश गर्दछ।

### *स्तम्भ चारः कर्पोरेट सामाजिक उत्तरदायित्व*

नागरिक लगानी कोषले राष्ट्रको समृद्धिमा सदैव योगदान गर्दै आएको छ । यसले आफ्ना ग्राहकहरूको हितलाई ध्यानमा राख्दै व्यावसायिक वित्तपोषण परिचालन गर्न र समाजको हितका लागि निरन्तर रुपमा योगदान वृद्धि गर्दै आएकोछ। दोस्रो रणनीतिक योजनाले सन्तुलित दृष्टिकोणबाट सरकार, शेयरधनी र सहभागीहरूको हित पुरा गर्न हरसम्भव प्रयास गर्नेछ । यसले धितोपत्रको कारोबारलाई सन्तुलनमा राख्न र पूँजी बजारको स्थायित्वका लागि थोकमा शेयर खरिद बिक्री गर्न बजार निर्माताको भूमिका सक्रिय रुपमा खेल्नेछ ।

### *स्तम्भ पाँचः व्यापार निरन्तरता योजना*

बजारमा सिर्जना भएको प्रतिष्पर्धासंग जुध्न एवं प्राकृतिक प्रकोप/विपत्ति र महामारीको प्रभाव न्यूनिकरण गर्नका लागि नागरिक लगानी कोषले व्यापार निरन्तरता योजना तयार (Business Continuity Plan) गर्नेछ।

# अध्याय तीनः दूरदृष्ट्रि, ध्येय, मूल मान्यता र उद्देश्य

## ३.१ रणनीतिक दिशा

नागरिक लगानी कोष ऐनले निर्धारण गरेका मुलभूत उद्देश्यलाई आधार मानी आगामी पाँच वर्ष कोषलाई मार्गदर्शन गर्न नयाँ रणनीतिक योजना २०७८/०७९- २०८२/०८३ निर्माण गरिएको छ । यस रणनीतिक योजनाले राष्ट्रिय विकास लक्ष्यहरू हासिल गर्न आवश्यक पर्ने पूँजी बजारको विकास र बचत संकलन अभिबृद्धि गर्न संचालन गरिने कार्यक्रमहरुको खाका (Blue Print) को रूपमा काम गर्दछ। कोषसँग दीर्घकालीन दायित्व र स्थिर नगद प्रवाह छ। यसले देशको पुँजी बजारको विकासमा ठूलो भूमिका खेल्छ । यस सम्बन्धमा, कोषले समाजका विभिन्न बचतकर्ता समूहहरूको आवश्यकताहरू पूरा गर्ने विभिन्न विशेष वित्तीय उत्पादन ( Products) र उपकरणहरू विकास र सिर्जना गर्नेछ।

प्रस्तावित रणनीनिक योजनाले स्वदेशी तथा विदेशी सहभागीहरुका लागि विभिन्न प्रकारका सेवा निवृत्ति योजना र कार्यक्रमका साथै विभिन्न सामूहिक लगानी कोषहरु सञ्चालन र व्यवस्थापन गर्ने अपेक्षा गरिएको छ । जसले सर्वसाधारणलाई बचत गर्न प्रोत्साहित गरी कोष विस्तार गर्नका साथै लगानीका अवसरहरू समेत बढाउनेछ। साथै, पुंजीबजार गतिशीलता ल्याई राष्ट्रको आर्थिक विकासमा योगदान पुर्याउँनेछ ।

कोषको दूर दृष्ट्री (Vision), अन्तर्निहित ध्येय (Mission), आन्तरिक र बाह्य सरोकारवालासंगको परामर्श, SWOT Analysis, PESTEL Analysis, अन्तर्राष्ट्रिय बेन्च मार्क एवं अभ्यास, सरकारी प्राथमिकताहरूको फराकिलो समीक्षा, कुशल स्रोत विनियोजन, सामाजिक नाफा र जोखिम मूल्याङ्कनका आधारमा यस रणनीति योजनालाई पूर्णता दिईएकोछ ।

## ३.२ दूरदृष्ट्री (Vision)

*सामाजिक सुरक्षा सहितको बचत संकलन, दक्ष लगानी व्यवस्थापन र पुँजीबजार प्रबर्द्धन गर्ने एक अग्रणी व्यवसायिक संस्थाको रुपमा स्थापित भई राष्ट्रको सम्बृद्धिमा टेवा पुर्याउने ।*

## ३.३ ध्येय (Mission)

*विभिन्न बचत कार्यक्रमहरू संचालन गरी संकलित कोषको प्रतिफलमुखी लगानी मार्फत सुरक्षित समाजको निर्माण र गतिशील पूँजी बजारको विकास गर्ने ।*

## ३.३ लक्ष्य तथा उद्देश्यहरू

कोषले निर्धारण गरेको दूर दृष्ट्री र ध्येय अनुसार रणनीतिक लक्ष्यहरू निर्धारण गरिएको छ, जसले आगामी पाँच वर्षहरूमा कोषले गर्ने कामलाई निर्देशित गर्दछ । रणनीतिक लक्ष्यहरू निर्धारण गर्दा कोषको दिगो वित्तीय स्वास्थ्य, आम सहभागीहरुका लागि प्रदान गरिने सामाजिक सुरक्षाका सुविधा र आर्थिक विकासलाई समेत ध्यान

दिइएकोछ। यस योजना अवधिमा कार्यान्वयनका लागि देहाए बमोजिम चार रणनीतिक लक्ष्यहरू तोकिएको छ।

| सि. नं | लक्ष्य | उद्देश्य |
|---|---|---|
| १. | **बचत कार्यक्रम (Saving Programs):** आम नागरिकलाई कोषका कार्यक्रमहरुमा आवद्ध गर्न कोषद्वारा संचालित बचत योजनाहरुको दायरा विस्तार गर्ने । | • विभिन्न सरकारी, अर्धसरकारी, गैरसरकारी कार्यालय र तीनवटै तहका सरकारका निर्वाचित जनप्रतिनिधिहरूलाई आकर्षित गर्न बचत कार्यक्रम सञ्चालन गर्ने ।<br>• विदेशमा काम गर्ने नेपाली नागरिक र गैरआवासीय नेपालीलाई बचत गर्न उत्प्रेरित गर्ने र त्यस्तो रकम नेपालमा ल्याउने वा विदेशमा लगानी गर्ने व्यवस्था मिलाउने । |
| २. | **लगानी व्यवस्थापन (Investment Management):** जोखिम विश्लेषण गरी सन्तुलित पोर्टफोलियो हुने किसिमले सुरक्षित र प्रतिफलमुखी क्षेत्रमा लगानी विस्तार गर्ने । | • प्राथमिकता प्राप्त क्षेत्रहरूलाई उच्च प्राथमिकता दिई उच्च प्रतिफल र कम जोखिम भएका क्षेत्रमा कर्जा तथा धितोपत्र मार्फत लगानी विस्तार गर्ने।<br>• दीर्घकालीन सुरक्षित आयको लागि देशका प्रमुख सहरहरूमा स्थिर सम्पत्तिहरू सिर्जना गर्न लगानी गर्ने |

| | | |
|---|---|---|
| | | • सरकारी तथा अन्य सार्वजनिक क्षेत्रका निकायहरू मार्फत जग्गा खरिद गरी बचतकर्ताहरूका लागि सामूहिक आवास योजना निर्माण गर्ने। |
| ३. | **पुँजीबजार (Capital Market)s:**<br>पुँजीबजारको विकास र विस्तारलाई तिब्रता दिई अग्रणी संस्थागत लगानीको पहिचान बनाउने । | • कोषले प्रदान गर्ने पुँजीबजार सेवाको दायरा थप फराकिलो बनाउने।<br>• पूँजी बजारको विकास र विस्तारलाई गति दिन सहायक कम्पनी मार्फत बजार निर्माताको भूमिका खेल्ने ।<br>• पूँजी बजार सेवालाई प्रभावकारी बनाउनका लागि नविनतम साधन तथा उपकरणहरू लागू गर्ने। |
| ४. | सेवानिवृत कोष र सामाजिक सुरक्षा कार्यक्रम **(Retirement fund and Social Security Program):**<br>विभिन्न अवकाश कोष कार्यक्रम मार्फत सामाजिक सुरक्षाको | • ज्येष्ठ नागरिकलाई लक्षित गरी सामाजिक सुरक्षाका कार्यक्रम **संचालन गर्ने** ।<br>• सेवानिवृत्त कोषका योगदानकर्ताहरूलाई अधिकतम प्रतिफल दिन अवकाश कोषको प्रभावकारी व्यवस्थापन गर्ने। |

| | | |
|---|---|---|
| | प्रत्याभूति प्रदान गर्ने | |
| ५. | मानव संसाधनको उत्पादकत्व बृद्धि गर्ने एवं प्रणालिगत सुधार गर्ने । | • जनशक्ति व्यवस्थापन तथा क्षमता विकास गर्ने ।<br>• संस्थागत सुधार तथा विकास गर्ने |

## ३.५ मूल मान्यताहरु (Core Values )

माथि उल्लेखित दूरदृष्ट्री, ध्येय र, लक्ष्य प्राप्तीका लागि नागरिक लगानी कोष देहाएका मुल मान्यताहरूद्वारा निर्देशित हुनेछः

- ❖ **राष्ट्रिय अर्थतन्त्रमा योगदान**ः नागरिक लगानी कोषको प्रमुख उद्देश्य सर्वसाधारण जनतालाई वचत गर्न प्रोत्साहित गरी राष्ट्रिय पुँजीको निर्माण गर्ने, अवकाश कोष संचालन तथा व्यवस्थापन गर्ने, दीर्घकालिन पुँजीको माध्यमबाट लगानीका अवसरहरु बढाउने तथा संस्थागत रुपमा पुँजीबजारको विस्तारमा गतिशीलता ल्याई देशको आर्थिक विकासमा योगदान पुर्याउनु हो। कोषका हरेक गतिविधिहरु उपरोक्त उद्देश्यहरुद्वारा निर्देशित हुनेछन्।
- ❖ **सार्वजनिक हितको संरक्षणः** नागरिक लगानी कोष सार्वजनिक संस्था हुनका साथै यसले संचालन गर्ने अधिकांश कार्यक्रमहरु सर्वसाधारण नागरिक लक्षित भएको हुँदा सहभागीहरुको हितमा कार्य गर्नु यसको प्रमुख

दायित्व हो । तसर्थ, सार्वजनिक हितको रक्षा हुने गरी कोषले आफ्ना आधिकारिक कार्य तथा गतिविधिहरु संचालन गर्नेछ ।

- **सुशासनको प्रवर्द्धन**ः- सुशासन, पारदर्शिता र जवाफदेहिता कोषले अवलम्वन गरेका मुख्य मान्यताहरु हुन्। यिनै मान्यताहरुको संयोजनबाट कोष र सम्बन्धित सरोकारवालाहरू बीच आपसी विश्वास निर्माण गरी बलियो सम्बन्ध निर्माण हुनेछ ।
- **निष्ठा र नैतिकता**ः- कोष सम्झौता (Compromise) रहित उच्च स्तरको निष्ठा, नैतिकता र व्यावसायिकता कायम गर्न प्रतिबद्ध रहनेछ।
- **गुणस्तर र प्रतिबद्धता**ः- नवीनतम सूचना प्रविधि प्रयोग गरेर व्यक्तिगत र सामूहिक रुपमा समयमै गुणात्मक एवं गुणस्तरिय कार्यसम्पादन गर्ने संस्कृतिको विकास गर्न कोष प्रतिबद्ध रहेको छ ।
- **मानव संसाधन विकास**ः- आन्तरिक तथा बाह्य प्रशिक्षण मार्फत प्रत्येक तहका कर्मचारीहरूको दक्षता अभिबृद्धि गरी उनीहरूलाई हालको भन्दा फरक एवं थप भूमिका निर्वाह गर्न सक्षम बनाईने छ । कर्मचारीहरुमा भएको सीप तथा दक्षता आपसमा बाढ्ने वातावरण सिर्जना गरी कोषको दीर्घकालिन हितमा उपयोग गरिनेछ। आफ्नो कर्मचारीहरुको विस्तृत जानकारी राख्नका लागि कोषले Know Our Employee (KOE) नीति अवलम्वन गर्ने छ।

# परिशिष्ट १

## मुख्य कार्यसम्पादन सूचकहरू

कोषको कार्यक्षेत्रलाई हालसम्म भएका कामका आधारमा तीनवटा व्यवसायिक क्षेत्रमा विभाजन गर्न सकिन्छ। प्रत्येक व्यवसाय क्षेत्र अन्तर्गत, पाँच वर्षको अवधिको लक्ष्य, उद्देश्य र उपलब्धी सूचकांक सहितको व्यावसायिक योजना र कार्य निम्नानुसार प्रस्तुत गरिएको छः

**क) बचत कार्यक्रमहरूः**

| लक्ष्य | आधार वर्ष (Base Year) | | प्रक्षेपण (Projection) | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| बचत कार्यक्रमबाट कुल कोष | १४०.५९ | १५७.९१ | १७३.० | १९०.३० | २१३.४ | २३४.४५ | २५७.९० |

| लक्ष्य | आधार वर्ष (Base Year) | | प्रक्षेपण (Projection) | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| सङ्कलन (रु. अर्बमा) | | | | | | | |
| बचत कार्यक्रमको कुल संख्या | १२ | १२ | १२ | १३ | १३ | १४ | १५ |
| घरेलु सहभागीहरूको कुल संख्या (हजार) | ६५० | ६५० | ६७० | ६९५ | ७३० | ७८० | ८०० |
| वैदेशिक रोजगारीमा रहेका | २०० | २०० | १००० | ५००० | ७५०० | १०००० | १२००० |

| लक्ष्य | आधार वर्ष (Base Year) | | प्रक्षेपण (Projection) | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| कामदार तथा NRN को कुल संख्या | | | | | | | |

## ख) लगानी व्यवस्थापन:

### १. नियमित लगानी योजना (Regular investment plan )

| लक्ष्य | आधार वर्ष (Base Year) | | प्रक्षेपण (Projection) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | |
| मुद्धति निक्षेप | ८९.०३ | १०३.३२ | ९५ | ९८.५ | १००.० | ११०.० | ११५ | |
| शेयर तथा डिवेञ्चर | १७.१३ | १८.२९ | २०.५ | २२.७५ | २४.५० | २६ | २८ | |
| सहभागी कर्जा | २७.२४ | ३२.७८ | ३८.५० | ४५ | ५८.५ | ७० | ८२.५ | |
| समयकनलिन/परियोजना कर्जा | १८.८९ | २०.३४ | २२.५ | २५ | २९.५० | ३२ | ३५ | |
| सरकारी ऋणपत्र | ०.६ | १.०५ | १.८ | २.१ | २.८ | ३.४ | ३.७५ | |

## २. दीर्घकालिन लगानी योजना (Long term investment plan)

| लक्ष्य | आधार वर्ष (Base Year) | | प्रक्षेपण (Projection) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | |
| दीर्घकालीन आय योजना (Revenue Plan) (रु. अर्वमा) | १२.८६ | | १२.३८ | १५.३७ | १६.५१ | १७.४८ | १९.३५ | |
| स्थिर सम्पत्तिमा लगानी (सबै प्रदेशमा कार्यालय र व्यावसायिक उपयोगको लागि) | | १ | २ | १ | १ | १ | १ | |
| सामूहिक आवास परियोजना (संख्या) | | | १ | १ | २ | २ | २ | |

## पुँजी बजार (Capital Market)

| लक्ष्य | आधार वर्ष (Base Year) | | प्रक्षेपण (Projection) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | |
| दोस्रो बजारमा शेयरको कुल कारोबार (खरीद बिक्री) (रु. अर्बमा) | ०.३०२३ | २.० | २.२ | २.५ | २.९ | ३.३ | ३.७५ | |
| स्थापित म्युचुअल | | | १ | | १ | | १ | |

| लक्ष्य | आधार वर्ष (Base Year) | | प्रक्षेपण (Projection) | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | |
| फण्डहरूको कुल संख्या | | | | | | | | |
| म्युचुअल फण्डमा कुल लगानी (रु. अर्बमा) | | | २.० | | २.५ | | ३.० | |

**सेवानिवृत कोष र सामाजिक सुरक्षा कार्यक्रम ( Retirement fund and Social Security Program)**

| लक्ष्य | आधार वर्ष (Base Year) | | प्रक्षेपण (Projection) | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| सामाजिक सुरक्षा कार्यक्रमको कुल संख्या | १२ | १२ | १२ | १३ | १३ | १४ | १५ |
| सामाजिक सुरक्षा कार्यक्रममा सहभागी हुने कुल संख्या | ६०० | ६१८ | ६४१ | ६७८ | ७१५ | ७४५ | ७७० |

## मानव संशाधन

| लक्ष्य | आधार वर्ष (Base Year) | | प्रक्षेपण (Projection) | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| O&M सर्वेक्षण सञ्चालन गर्ने | | | | | | | |
| मानव संसाधन योजना तर्जुमा | | | | | | | |
| क्षमता वृद्धि कार्यक्रमहरूको कुल संख्या | १६ | १५ | २० | २२ | २५ | २८ | ३२ |
| अपेक्षित कुल दक्ष जनशक्तिको संख्या | १२९ | १२९ | १४० | १४९ | १६९ | १८७ | २०० |

## सूचना प्रविधि (Information Technology)

| लक्ष्य | आधार वर्ष (Base Year) | | प्रक्षेपण (Projection) | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/८१ | ०८१/०८२ | ०८२/८३ |
| आधुनिक सूचना प्रविधिको प्रयोग गरी कार्य सम्पादनलाई मानकीकरण गर्ने | निरन्तर | | | | | | |
| वेब साइट र मोबाइल एप्लिकेसन | निरन्तर | | | | | | |

| लक्ष्य | आधार वर्ष (Base Year) | | प्रक्षेपण (Projection) | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/८१ | ०८१/०८२ | ०८२/८३ |
| मार्फत सेवा प्रदान गर्ने | | | | | | | |
| ट्रष्टको तथ्यांक र सूचनाको सुरक्षाको लागि उचित व्यवस्था गरिने | निरन्तर | | | | | | |
| रकम सङ्कलन, ऋण प्रवाह र अन्तिम भूक्तानी | निरन्तर | | | | | | |

| लक्ष्य | आधार वर्ष (Base Year) | | प्रक्षेपण (Projection) | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/८१ | ०८१/०८२ | ०८२/८३ |
| रकम CIPS र IPS मार्फत गर्ने व्यवस्था मिलाउने । | | | | | | | |

## Legal Aspect

| लक्ष्य | आधार वर्ष (Base Year) | | प्रक्षेपण (Projection) | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/८१ | ०८१/०८२ | ०८२/८३ |
| ट्रष्टको ऐन, विनियम, निर्देशन र कार्यविधिमा सान्दर्भिक परिमार्जन गर्ने । | निरन्तर | | | | | | |
| लगानी, कन्सोर्टियम फाइनान्सिङ, ब्रिज ग्याप फाइनान्सिङ आदि सम्बन्धी नीति र प्रक्रियाहरू निर्माण गरी लागू गर्ने। | निरन्तर | | | | | | |

## New business segment

| लक्ष्य | आधार वर्ष (Base Year) | | प्रक्षेपण (Projection) | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/८१ | ०८१/०८२ | ०८२/८३ |
| नेपाल सरकार वा "क" वर्गका बैंकहरूले जारी गरेको जमानतमा ऋण उपलब्ध गराउने। | | ३ | ३ | ६ | ७ | ७ | |
| नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण वा अन्य निजी क्षेत्रसँगको समन्वयमा पीपीपी मोडलअनुसार पूर्वाधारमा लगानी गर्ने | | | २ | २ | २ | २ | |

| लक्ष्य | आधार वर्ष (Base Year) | | प्रक्षेपण (Projection) | | | | |
|---|---|---|---|---|---|---|---|
| | ०७६/०७७ | ०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | ०८०/८१ | ०८१/०८२ | ०८२/८३ |
| अन्य अन्तर्राष्ट्रिय तथा स्वदेशी वित्तीय संस्थाहरूसँग समन्वय गरी कन्सोर्टियम फाइनान्सिङमा लगानी गर्ने | | | २ | २ | २ | २ | |

नोटः मुख्य कार्यसम्पादन सूचकहरू प्राप्त गर्नका लागि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा गतिविधि योजना ( Activity Plan) तयार गर्नेछ ।